हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्फनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ४९ पृष्ठ : ४ २०७७ भदौ १७ गते बुधबार (Wednesday 2 September 2020) www.lahanpost.com मूल्य रु. ५/-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## पर्यटकको आकर्षण केन्द्र बन्दै 'बाबाताल'





लहान । प्रकृतिको काखमा तीनैतिरबाट चुरेपहाडले घेरिएको । बीचमा नीलो कञ्चन पानीले भरिएको 'बाबाताल' उसैपनि मनमोहक छ । सिरहाको कर्जन्हा नगरपालिका–२ बन्दीपुरमा अवस्थित बाबाताल पछिल्ला दिनहरूमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाईमा पर्छ । यसको मनमोहकताले होला प्रदेश २ सरकारले 'बाबाताल' लाई आफ्नो नीति तथा कार्यक्रममा विशेष महत्वको सूचीमा सूचीकृत गरेको छ । नीति तथा कार्यक्रमको पर्यटन विकास अर्न्तगत ५६ नम्बर बुँदामा 'बाबाताल' लगायत प्रदेशका पर्यटकीय स्थलहरूको प्रवर्द्धनमा निजी क्षेत्रलाई समेत आकर्षित गरिने उल्लेख छ ।

पुर्व–पश्चिम राजमार्गको बन्दीपुर बजारबाट एक किलोटिर उत्तरमा अवस्थित 'बाबाताल', जहाँ प्रकृतिले बेग्लै आन्नदित तुल्याउने दृश्यहरू हेर्न सकिन्छ । फरना, हरियाली वनजंगलको मिश्रण, निलो पानीले भरिएको ताल, पिकनिक स्थल र मोक्षश्वर मन्दिरले वातावरण मनमोहक र सबैलाई आकर्षित बनाउँछ । अफ भ्यू टाबरले वरपरको क्षेत्र चियाउनुको मज्जै बेग्लै हुन्छ । बोटिङ्ग गरी रमणीय दृश्यलाई अवलोकन गर्दा जोकोही मन्त्रमुग्ध हुन पुग्छन् । त्यहाँ अवलोकनमा सहजता र रमाइलोका लागि ४ वटा बोटको व्यवस्था गरिएको छ ।

'चुरे पहाडको फाँटबाट बग्ने बाढीको पानीले विघौं जग्गामा बालुवा पुरिने गरेको थियो,' स्थानीय प्रकाश कोइरालाले भने, 'गाउँलेहरूको छलफलले यो ठाउँलाई ताल बनाउने निर्णय गरियो । भु–संरक्षण कार्यालयले जग्गा संरक्षणको लागि बजेट सहयोग गर्दा खहरे खोला ३ वर्षअघि तालमा परिणत भयो ।' गाउँलेहरूको प्रयास र विभिन्न निकायले गरेको सहयोगले ताल यतिखेर पर्यटकीय स्थलको रूपमा विकास हुँदै गएको छ । चुरे छेउमा माटोले बाँध हालेपछि बगरमा परिणत भएको सयौं विघा खेतीयोग्य जमिन समेत उब्जाउ बनेको कोइरालाले सुनाए । बाबाताललाई देशकै पर्यटकीय गन्तव्यको रूपमा उभ्याउन आवश्यक रहेको बाबाताल संरक्षण समितिका कैलाश घिमिरेको भनाइ छ । 'ताल रमणीय भएकोले चलचित्र निर्माणका निम्ति सुटिङ्गका लागि फिल्म तथा एलबम निर्मातारू यहाँ आउने गरेका छन्,' उनले भने,'कहिले भोजपुरी त कहिले मैथिली फिल्मको दर्जनौँ सुटिङ्ग भइरहन्छ ।' प्रवेश शुल्क र बोटिङ्ग टिकटबाट दैनिक पाँच हजार आम्दानी हुँदै आएको बाबा ताल संरक्षण सम्बर्द्धन समितिका घिमिरेले जानकारी दिए । उनका अनुसार घुमफिर गर्ने सिजनमा एकै दिन ५० हजारसम्म आम्दानी भएको छ । तिहा पछि कार्तिक, मंसिर, पुस र माघ महिना बाबाताल घुम्ने सिजन रहेको उनले जनाए । प्रकृतिको काँखमा रमाउँदै पिकनिक खाने सौखिनहरूका लागि उपयोगी बन्दै आएको बाबातालमा प्रवेश शूल्क १० र आधा घण्टा बोटिङ्ग गर्दा सय रूपैयाँ लिने गरिएको छ । पिकनिकका लागि आउने समूहसँग ५ सय रूपैयाँ प्रवेश शुल्क लिने गरेका छन् । प्रवेश शुल्क र बोटिङ्गको टिकट काट्दा बर्सेनि लाखौं रूपैयाँ आम्दानी हुने गरेको छ । पिकनिक स्थल, चिल्ड्रेन पार्क र सडक कालोपत्रे लगायतका निर्माण कार्य जारी रहेको ताल संरक्षण सम्बर्द्धन समितिका अध्यक्ष अंजनी कुमार दाहालले बताए । केही समयभित्रै स्थानीयहरूसँगको सहकार्यमा होमेस्टे पनि संचालन गर्ने तयारी भईरहेको उनले सुनाए । 'पहिला धेरै मात्रामा वन फडानी हुन्थ्यो,'उनले भने,'जब देखि बाबाताल संचालनमा आएपछि वन फडानी रोकिएको छ ।' उनका अनुसार पर्यटन विकाससँग सम्बन्धित निकायसँग सहकार्य गरेर यो ठाउँलाई अफ राम्रो बनाउने आफूहरूको योजना रहेको छ ।

## सिरहाका कोरोना संक्रमित निजामती कर्मचारीको मृत्यु

लहान । सिरहामा कोरोना भाइरसको संक्रमणका कारण एक निजामती कर्मचारीको मृत्यु भएको छ । यससँगै सिरहामा कोरोनाबाट मृतकको संख्या ८ पुगेको छ ।

सिरहाको मिर्चैया नगरपालिका–६ मटिअर्वाका ५५ वर्षीय ती कर्मचारीको सोमबार राति संक्रमणबाट मृत्यु भएको हो । मधुमेहका विरामी उनको सुगर लेभेल बढेपछि थप उपचारका क्रममा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए ।

विराट नर्सिङ होममा भर्ना गर्नुअघि भदौ ८ गत्ते पीसीआर परीक्षणका लागि लिइएको स्वाब परीक्षणको भदौ १० गत्ते आएको रिपोर्टमा कोरोना पोजेटिभ देखिएको यादवले बताए । रिपोर्ट पोजेटिभ आएपछि भदौ १० गते उनलाई थप उपचारका लागि बिपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान रिफर गरिएको थियो । मधुमेह, उच्च रक्तचाप, नेमोनिया, मृगौला लगायतका बिरामीको उपचारको क्रममा उनको सोमबार राती प्रतिष्ठानको आइसोलेसनमा मृत्यु यादवको भनाइ छ ।

मृतक मिर्चैया नगरपालिकाको कृषि तथा पशु शाखामा कार्यरत निजामती कर्मचारी हुन् ।

## प्रदेश २ सरकारद्वारा ४७ हजार किसानको ४ महिनाको ब्याज भुक्तानी

लहान । प्रदेश २ सरकारले प्रदेशका कूल ४७ हजार ८ सय ८२ जना किसानको ४ महिनाको ब्याज अनुदानबापत भुक्तानी गरेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गत आर्थिक वर्षमा लकडाउनका कारण किसानलाई आर्थिक मार परेको भन्दै ५ लाख रूपैयाँभन्दा कम कर्जा लिएका किसानको ४ महिनाको ब्याजवापत २१ करोड ६५ लाख ४९ हजार ५९९ रूपैयाँ तिरिदिएको छ भने व्यवसाय पुनःस्थापनाका लागि समेत ३ सय ७ किसानलाई १ करोड २० लाख ८१ हजार ६०९ रूपैयाँ गरेर कूल २२ करोड ८६ लाख ३१ हजार २०८ रूपैयाँ अनुदान दिएको छ ।

मन्त्रालयका योजना अधिकृत रजनीश मिश्रका अनुसार किसानले खेती तथा कृषि प्रयोजनका लागि बैंक, सहकारी तथा लघुवित्त जस्ता संस्थाबाट लिएको ऋणको चैत्रदेखि असार मसान्तसम्म गरि ४ महिनाको ब्याज प्रदेश सरकारले अनुदान स्वरूप किसानको व्यक्तिगत खातामा भुक्तानी गरेको छ । मन्त्रालय मातहत रहेका ८ वटै जिल्लाका कृषि ज्ञान केन्द्र र पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत किसानको रकम भुक्तानी गरिएको हो ।

मन्त्रालयका कृषि प्रसार अधिकृत अविनाशकुमार फाका अनुसार किसानले ब्याज अनुदानका लागि दिएको आवेदन प्रस्तावपछि कृषि ज्ञान केन्द्रले सम्बन्धित बैंकबाट समेत ऋण कर्जाको बैंक स्टेटमेन्ट फिकाएर कर्जाको मिलान गरेर मात्र भुक्तानी गरिएको छ । ८ वटै

बाँकी ३ पेजमा

## सिरहाको कलेजो प्रत्यारोपण सर्जन डा. साह भारतमा मृत भेटिए

*लहान । भारतको मेधान्ता अस्पतालमा कार्यरत कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा. सुजितकुमार साह मृत अवस्थामा भेटिएका छन् । भारतको हरियाणामा बस्दै आएका साह गुरूग्राममा मृत भेटिएका हुन् । पोखराको मणिपालबाट एमबिबिएस गरेका साहले चण्डीगढबाट सर्जरीमा विशेषज्ञता हासिल गरेका थिए ।*

*सिरहा स्थायी घर भएका उनले अल इन्डिया मेडिकल इन्टिच्युट एम्सबाट एमसिएच गरेका थिए । साहको श्रीमती र एक छोरी छन् । एमबिबिएस, एमडी र डिएमसमेत साहसँगै एउटा मेडिकल स्कूलमा पढेका वीर अस्पतालमा कार्यरत छातिरोग विशेषज्ञ डा. अषेश ढुंगानाले सामाजिक सञ्जालमा साह सधै अरूलाई सहयोग गर्न असल मान्छे भएको उल्लेख गरेका छन् ।*

*'म भगवानले राम्रा मान्छेलाई सधै छिट्टै लैजान चाहने रहेछन् भन्न मात्र सक्छु ढुंगानाले लेखेका छन्, 'अलविदा दाई ।' बालरोग विशेषज्ञ डा. विश्वबन्धु बगालेले पनि फेसबुकमा लेखेका छन्, 'साथी निशब्द बनायौ, छैनौ कसरी पत्याँउ यतै हाँसिरहेफै लाग्छ ।'*

भित्री पृष्ठमा

क्रान्ति चर्चा
पेज २ मा

स्थानीय तहमा सुशासन समस्या
स्तम्भ : पालिका बहस
पेज ४ मा




फ्रेन्डस मोडल हस्पिटल, लहान-७
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## स्थानीय तहले पीसीआर परीक्षणमा जोड दिऔं

कोभिड–१९ पहिचानको एकमात्र आधार पीसीआर परीक्षण नै हो । कोभिड पहिचानका लागि पीसीआर परीक्षण गराउन स्थानीय सरकारले अझ तत्परता देखाउनु पर्ने आवश्यकता छ । सिरहाको धनगढीमाई र गोलबजार नगरपालिकाले आफ्नै लगानीमा पीसीआर परीक्षण गराउन सुरु गरेका छन् । कोरोना भाइरसको महामारी समुदायस्तरमैं फैलिसकेको भन्दै गोलबजार नगरपालिकाले 'एक घर, एक पीसीआर जाँच' अभियान थालेको छ । यसको सह्राना गर्नैपर्छ । समुदायस्तरमा महामारी फैलिन नदिन पहिचानको लागि हरेक घरलौरीसम्म परीक्षणको पहुँच पुऱ्याउने गोलबजार नगरपालिकाको ध्येय उत्कृष्ठ कार्य हो ।

यो परीक्षण अभियानले महामारी पहिचान भइसकेपछि सजगता अपनाउन चनाखो बनाउँछ । जसले गर्दा समुदायका अन्य व्यक्ति सचेत र सजग हुन पुग्छन् । संक्रमित व्यक्तिलाई आइशोलेसन गर्न सजिलो समेत हुन्छ । जसका कारण संक्रमित व्यक्तिको समुदायका अन्य व्यक्तिसम्म हिमचिम कम हुनजान्छ । र, समुदायमा महामारी फैलिनबाट जोगिनसक्छ । यो महामारीको बेला गोलबजार नगरपालिकाले सुरु गरेको कार्यबाट पाठ सिक्दै जिल्लाका अन्य स्थानीय तहले पीसीआर परीक्षण सुरु गराउन ढिलाई गर्नु हुँदैन । ढिलाई गरे समुदायमा संक्रमण दर बढ्ने डर बढ्दो रहन्छ । अझ तराईका घनाबस्तीमा कोरोना महामारी भुसको आगो झैं सल्किने डर बढी हुन्छ । र जोखिम समेत यही क्षेत्रमा बढेको पनि तथ्यांकहरू सार्वजनिक भएका छन् । त्यसो त तराईमा मात्र नभई हाल फैलिरहेको कोरोना भाइरसको महामारीले विश्वव्यापी रुपमा संकट बढाएको छ । मानिसको जीवनयापनलाई अस्तव्यस्त बनाएको छ । भाइरसबाट संक्रमित दर बढ्दो छ । यस महामारीले ठूलो विपद निम्त्याएको छ यस विपदलाई व्यवस्थापन गर्न विश्वलाई नै चुनौती थपिएको छ ।

यस्तो अवस्थामा स्थानीय तहहरूको पहिलो प्रमुख दायित्व कोरोना स्वास्थ्यसँग सम्बन्धित छ । त्यसैले पीसीआर परीक्षणको दायरा बढाउनुको विकल्प छैन । त्योसँगै स्थानीय तहहरुले आइशोलन निर्माणमा जोड दिनु अति आवश्यक छ । शैया थपसँगै भेन्टिलेटर र चिकित्सकको व्यवस्थापनमा समेत ध्यान दिन जरुरी छ । किनकी संकटको घडि हरेक घरको दलानसम्म आइपुगेको अवस्था छ ।

कोरोना भाइरसको संक्रमण परिवार तथा समुदायमा फैलन नदिन हरेक पालिकाले विदेशबाट आएका व्यक्तिहरूको अभिलेख राखी पहिचान र निगरानी गर्नुपर्छ । र, उनीहरूलाई 'क्वारेन्टाइन' मा बस्न लगाई त्यसको आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्छ । घरमै क्वारेन्टाइनमा बस्न लगाउने वा आवश्यक भए क्वारेन्टाइन गृह निर्माण गर्ने प्रबन्ध पनि मिलाउनुपर्छ । यसमा आवश्यक स्रोत–साधनका लागि प्रदेश र संघले सघाउनुपर्नेछ ।

कोभिड पहिचानका लागि पनि जिल्लाका सबै स्थानीय तहले संघ र प्रदेश सरकारको मुख नताकी आफ्ना पालिकाभित्रका जनताको पीसीआर परीक्षण गराउन आवश्यक छ । तसर्थ आम नागरिकको जीवन रक्षा गर्न पीसीआर परीक्षणको दायरा बढाउन संघ, प्रदेश सरकारसँगै स्थानीय सरकारले अग्रसरता बढाउन जरुरी छ । यस महामारीको विपद व्यवस्थापनको लागि पूर्व तयारी र प्रतिकार्य योजनामा विशेष ध्यान दिई स्थानीय सरकार, सरोकारवाला सबै क्षेत्रबाट पूर्ण जिम्मेबार संवेदनशील भई सक्रिय हुन जरुरी छ ।

# क्रान्ति चर्चा

## बिपी कोइराला राजनीतिक अभिलेख

धेरै नवयुवक क्रान्तिको प्रेरणाबाट उक्सिएर मसँग भेट्न आउँछन् । म क्रान्तिको पक्षमा छु, यो नेपालको राजनीतिमा सर्वविदित तथ्य भएकाले उनीहरु मसँग बडो उत्साहका साथ विचार–विमर्श गर्न चाहन्छन् । उनीहरुमध्येका कतिपय युवक त क्रान्तिलाई एउटा फेसनजस्तो ठानेर पोसाकको फेसनमा 'ड्रेन पाइप पेन्ट, प्यारलल पेन्ट वा म्याक्सी' लाएर हिंडेजस्तै क्रान्तिको भाषा भट्याउने खालका हुन्छन् । उनीहरु स्कुल–कलेजमा वा रेस्टुराँ र कफीहाउसमा चिया वा कफीको घुट्कोजति सजिलै निल्छन्, त्यति नै सजिलै र स्पष्ट किसिमले साथीहरुबीच बहसको सिलसिलामा चे ग्वेभारा, मार्क्स, एंगेल्स, लेनिन, माओ त्सेतुङ आदिको नाउँ लिन्छन् । मलाई त्यस्ता नवयुवकहरुसँग कुरा गर्दा रमाइलै लाग्छ । फेसनकै निमित्त किन नहोस्, आडम्बरकै लागि भए पनि क्रान्तिको पक्षमा उनीहरुको मौलिक योगदान छ । उनीहरु क्रान्तिको अनिवार्यतालाई अस्वीकार गर्दैनन् ।

नवयुवकहरुबीच निर्मित क्रान्तिको फेसनले क्रान्तिपक्षका तरूणहरुलाई केही न केही अंशमा मद्धत नै गर्ला, नोक्सान गर्दैन । कुनै कुराको फेसन हुनु, कुनै कुरो फेसन बन्नपुग्नु वा सर्वसाधारणमा एक किसिमको रूचि पैदा हुनु, त्यसप्रति आकर्षण भएको लक्षण हो । कमसेकम त्यस्तो आकर्षणको लक्षणका कारण त्यसको विरोधी आवाज वा दोषी भावनलाई त दह्रिलो हुन दिंदैन । यस्ता युवकमध्ये कति त बडा उज्याला, चनाखा प्रतिभाले सम्पन्न पनि छन् । त्यसो हुनाले उनीहरुलाई म निरूत्साहित पार्दिनँ, बरू उनीहरुको बौद्धिक अभिरूचि झन् तीब्र बनोस भन्ने उद्धेश्यले पठन–पाठनको सल्लाह दिन्छु । क्रान्तिप्रतिको मौखिक रूचिलाई बौद्धिक आधार बढी प्राप्त होस् भन्ने हेतुले उपयुक्त पुस्तकहरुको नाउँ पनि टिपाइदिन्छु । उनीहरुमध्ये धेरैजसो क्रान्तिका लागि चाहिने सेनानी हुन सक्तैनन् । उनीहरुलाई दैनिक जीवनका समस्याहरूले ग्रसित बनाएर छिट्टै निस्तेज बनाइदिन्छ । उनीहरुमध्ये केही भने फेसनजस्तो क्रान्तिको पहिरन लगाएपछि आफ्नै वाक्चातुर्यले तानिंदै गएर बौद्धिक स्तरमा क्रान्तिको अनुमोदनकर्ता भएर मकहाँ आउँछन् । यस्ता केही नवयुवक मकहाँ आइरहेका छन् ।

अर्का थरी नवयुवक क्रान्तिप्रति हार्दिक विश्वासका साथ मकहाँ आउँछन् । मसँग क्रान्तिका लागि प्राणोत्सर्गसम्म गर्ने अठोट अंकित भएका त्यस्ता अनेक हस्ताक्षरसहितका प्रतिज्ञापत्रहरु छन् । क्रान्ति, केवल कानुनी दस्तावेजको कुरा भए त उनीहरुले आफ्नो हात काटेर आफूलाई क्रान्तिमा बाँधिसकेका छन् । उनीहरुको निर्दोष भावनाले ग्रस्त अभिव्यक्ति आडम्बर होइन, न त्यो फेसनका लागि नै नवयुवकहरुले क्रान्तिको भाषा बोल्न खोजेका हुन् । उनीहरुको इमानदारीप्रति शंक ागर्ने ठाउँ कतै पनि छैन । तर उनीहरु भावनाको इमानदारीले मात्र क्रान्तिका लागि चाहिने सेनानी बनिसकेका हुँदैनन् भन्ने मलाई एउटा घटनाले प्रारम्भमै ज्ञान दियो । भर्खरै एमए पास गरेका एकजना नवयुवकले मकहाँ आएर क्रान्तिको सेनामा भर्ती गर्न अनुरोध गरे ।

मैले सोधैं–'तपाई के गर्न सक्नुहुन्छ ?' उनको उत्तर थियो– 'क्रान्तिका लागि म प्राण दिन सक्छु ।' मैले भनैं– 'अहिले क्रान्तिलाई कसैको प्राणको आहुति चाहिएको छैन । एउटा शिक्षक चाहिएको छ, पश्चिम पहाडमा जान सक्नुहुन्छ ?' उनको जवाफ थियो– 'म मास्टरी त गर्दिनँ । त्यो पनि पहाडको अनकन्टार ठाउँमा ! म जान्नँ । मैले पेट पाल्नलाई नोकरी गरिरहनु पर्दैन ।'

मैले सम्झाएँ –'पेट पाल्नलाई मास्टरी गर्नु र क्रान्तिको तयारीका लागि एउटा गाउँमा बसेर मास्टरी गर्नुमा आकास–जमिनको फरक छ । तपाई मास्टर भएर त्यहाँ बस्दा आफ्नो प्रभावक्षेत्रको सृष्टि गर्नुहुन्छ, एउटा क्रान्तिबिन्दुको स्थापना गर्नुहुन्छ, आफ्नो कार्यक्षेत्र तयार पार्नुहुन्छ र त्यहीँबाट क्रान्तिका लागि सहयोगी साथीहरु पनि तयार पार्नुहुन्छ ।'

उनले निरूत्साहित हुँदै प्रश्न गरैं–'त्यसरी बस्न म तयार भएँ भने मैले कति दिनसम्म बस्नुपर्छ ?' मैले भनैं– 'क्रान्ति सम्पन्न नहुन्जेलसम्म अर्थात तीन, चार, पाँच वा दस वर्षसम्म ।' उनले एकदम निरूत्साहित भएर भने–'म क्रान्तिका लागि त्यति पर्खिन सक्दिनँ, मलाई एउटा पिस्तोल दिनुहोस्, म महाकालीदेखि मेचिसम्म देशभरि क्रान्तिको ज्वाला बालेर कुद्छु ।'

यस्ता भावना–प्रधान क्रान्तिकारीहरुमा यथेष्ठ मात्रामा तात्कालीक जोश पाइन्छ र तिनीहरु इमानदार पनि हुन्छन् । अविवेकी नेतृत्वले चाहयो भने तिनीहरुलाई कुनै न कुनै आत्मघाती साहसिकतामा झोक्न पनि सक्दछ । तर उ जस्तोसुकै जोखिम उठाएर मारिएको भए पनि क्रान्ति व्यक्तिगत साहसिकता होइन । क्रान्ति भावना–जगत्को मनोवेग मात्र पनि होइन । म युवकहरुको व्यक्तिगत चरित्रमा पाइने साहसिकता र मनोविज्ञानमा पाइने जोश तथा भावावेगको कदर गर्छु । यी दुई गुण नभएका युवक कुशल र आदर्श क्रान्तिकारी हुनै सक्तैनन् । तर त्यति मात्रले पनि नवयुवक तरूणको श्रेणीमा पुग्न सक्तैन ।

ग्रामीण क्षेत्रबाट आउने असम्पन्न र अशिक्षित खालका युवकहरु तेस्रो श्रेणीमा पर्छन् । उनीहरु पैसाको अभावका कारण कुनै सामान्य माध्यमिक स्कुलबाट निक्लनुपरेका वा एकदम निरक्षर हुन्छन् । उनीहरुका लागि क्रान्ति भनेको दैनिक जीवनको विपन्नता तथा आशारहित भविष्यबाट उद्धार पाउने बाटो हो । उनीहरुका लागि उनीहरुको आर्थिक तथा सामाजिक अवस्था नै क्रान्तिको आधार हो । उनीहरुको दृष्टिमा 'क्रान्ति' बौद्धिक वा दार्शनिक विलासिताको विषय होइन, न त्यो हृदयको भावनाको विषय नै हो । उनीहरु जुन सामाजिक तथा आर्थिक धरातलमा उभिएका छन्, उनीहरुका लागि 'क्रान्ति' त्यस धरातलसँग सम्बन्ध राख्ने स्थूल विषय हो । यस्ता तत्व नै क्रान्तिका आधार हुन् । मैले उनीहरुसँग कुरा गर्दा उनीहरुमा भावनाशून्य दृढता पाएको छु । उनीहरुमा व्यावहारिकता पाइन्छ । क्रान्तिको दर्शन बुझ्न गाह्रो भएपनि उनीहरु क्रान्तिको कार्यपद्धति भने बडो छिट्टै बुझ्दछन् । 'विचारको तर्कसंगति वा त्यसको ऐतिहासिक उपयुक्तता' उनीहरुको बहसको विषय हुँदैन । उनीहरु कुनै पनि कुरा शुद्ध व्यावहारिकताको आधारमा स्वीकार गर्छन् । उनीहरुमा जनजीवनको पूर्ण ज्ञान रहन्छ । त्यसो हुनाले उनीहरुको विचारको म बडो कदर गर्छु ।

यस प्रकार, नेपालको क्रान्तिपक्षका युवकहरूलाई मैले तीन श्रेणीमा वर्गीकरण गरेको छु । यद्यपि, मैले आफ्नो यस वर्गीकरणबाट युवकहरुले क्रान्तिमा दिनसक्ने योगदानको मूल्यांकन गर्न खोजेको हुँ, तर यी तीनोटै वर्गबाट क्रान्तिका लागि सेनानी निर्मित हुन सक्छन् । एउटा क्रान्तिकारीमा क्रान्तिप्रति (१) बौद्धिक सजगता (२) हार्दिक भावनात्मक आस्था र (३) व्यावहारिक कार्यपटुता, यी तीनवटा गुण हुनुपर्छ । यी तीनवटा गुण भएका युवकहरूलाई म तरूणको संज्ञा दिन चाहन्छु । मेरो दृष्टिमा नवयुवक र तरूण यी तीन कुराले फरक हुन्छन् । क्रान्तिमा पटक्कै चाख नलिने र त्यसप्रति एकदम उदासीन रहने युवकलाई म तरूणको संज्ञा नै दिन चाहन्नँ । तर, मैले क्रान्तिपक्षका युवकहरुको वर्गीकरण गर्दा नवयुवकको नाउँले सम्बोधन गर्दै तीन प्रकारका चर्चा गरे पनि मेरा दृष्टिमा उनीहरु तरूण भइसकेका हुँदेनन् । नवयुवकले तरूण हुनका लागि माथि उल्लेख गरिएका गुण हासिल गरेको हुनुपर्छ । नवयुवक क्रान्तिको हतियार बन्न सक्ने द्रव्य हो भने तरूण हतियारमा संगठित भइसकेको तत्व हो ।क्रान्तिपक्षीय नवयुवकहरुको तीन श्रेणीको वर्गीकरणका सम्बन्धमा एउटा कुरा स्पष्ट पार्न चाहन्छु ।

बाँकी ३ पेजमा


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

## क्रान्ति ...

बुद्धिको प्रपञ्च र अनुशासनहीन भावना क्रान्तिका लागि उचित गुण होइनन् । तसर्थ, क्रान्तिपक्षीय नवयुवकहरूमा बोद्धिक चातुर्यभन्दा बौद्धिक सजगता तथा इमानदारी, भावावेगभन्दा अनुशासित भावना हुनुपर्छ । तर व्यावहारिक कार्यपटुतामा भने त्यस्तो कुनै विशेषता वा शर्तको आवश्यकता पर्दैन । तसर्थ, मलाई कसैले 'क्रान्तिकारी हुनका लागि चाहिने तीन गुणमध्ये श्रेष्ठतम गुण कुन हो ?' भनेर सोधेको खण्डमा म अरू दुई, बौद्धिक र भावात्मक गुणभन्दा व्यावहारिक कार्यपटुतालाई अधिक महत्व दिन्छु । तर, एउटा कार्यपटुताको गुणयुक्त नवयुवक तबसम्म तरुण हुँदैन, जबसम्म उसमा बौद्धिक तथा भावात्मक गुण पनि उत्पन्न हुँदैन ।

नवयुवकहरूको वर्गीकरणको मेरो धारणालाई मसँग नवयुवकहरूको भेटघाटका घटनाको चर्चा गरेर म अझै स्पष्ट पार्न चाहन्छु । मेरो वर्गीकरणमा प्रथम वर्गमा परेका बौद्धिक चातुर्यको अभाव नरहने फेसनेबल क्रान्तिकारीमध्ये एकजनाले एकदिन आफ्नो इतिहासको ज्ञानले मलाई चकित पार्दै क्रान्तिको ऐतिहासिक विवेचना गरे । उनले मसँग फ्रान्सको अठारौँ शताब्दी-उत्तरार्द्धको र रुसको बीसौँ शताब्दीको पूर्वाद्धको क्रान्तिको विश्लेषणात्मक व्याख्या पनि गरे । तर नेपालको वास्तविकता, यहाँ प्रस्फुटित हुन लागेको क्रान्तिको रूप, आर्थिक र त्यसले सामाजिक जीवनलाई घचघच्याउन थालेका लक्षणहरु, नेपालको एकतन्त्रीय शासनको ऐतिहासिक चित्र, द्वितीय महायुद्धपछिको अन्तर्राष्ट्रिय परिस्थिति र त्यसको प्रभाव, नेपालको भौगोलिक स्थिति र ऐतिहासिक परम्परा आदिमा उनले त्यति ज्ञान देखाएनन् । ती नवयुवकले फ्रान्स र रूसमा भएका क्रान्तिका आधारमा त्यहीँको क्रान्तिको धारणाअनुसार आफ्नो मानसिकतालाई ढालेर नेपालका समस्याहरूको सम्बन्धमा विचार प्रकट गरे । उनका कुरालाई जुम्लाको नेपाली कांग्रेसका एकजना कार्यकर्ताले एककुनामा बसेर बडो चाख मानेर सुनिरहेका थिए । उनी बीचबीचमा लाज मान्दै बहसमा भाग लिन खोज्थे । तर त्यस बहसमा उनको सहभागिता अत्यन्त सीमित थियो ।

उनले भने-'तर नेपालको राजा त तपाईले वर्णन गरेको फ्रान्सको राजाजस्तो लाग्दैन् । हाम्रो गाउँको साहू 'धर्मनारायण थापा' अघि तपाईले भन्नुभएको रूसको जमिनदारजस्ता होइनन् ।' 'बाबु ! तपाईले फ्रान्सबारे चर्चा गर्दा गाउँलेलाई सास्ती दिने त्यस्ता फ्रान्सेली जाली-फटाहाहरूको कुरा गर्नु भएन । त्यहाँ सिपाही, पल्टन र तिनका हातहतियार कस्ता थिए ? ती उत्साहित युवकको भनाइ थियो-'राजा' जहाँको राजा भए पनि राजा नै हो, त्यसले एउटै सामाजिक-आर्थिक तत्वको प्रतिनिधित्व गर्छ । जहाँको भए पनि 'सिपाही' सिपाही नै हो, जुन मुलुकको भए पनि 'जमिनदार' जमिनदार नै हो ।' यस्तो सुनेपछि गाउँले कार्यकर्ता चुप लागे । अनि, मैले फेरि भनेँ-'कुनै पनि समाजको ऐतिहासिक अवस्था र उसको आफ्नै विशिष्ट अवस्था हुन्छ भन्ने कुरा क्रान्तिकारीले बुझ्नुपर्छ । जुम्लाका क्रान्तिकारीलाई त्यहाँको ब्यारेकमा रहेका सिपाही र त्यहाँका जमिनदार वा किसान वा सरकारी कर्मचारीहरूका बारेमा पूर्ण ज्ञान हुनुपर्छ । सामाजिक तथा सरकारी तत्वका सम्बन्धमा पहिलेको कुनै धारणाअनुसार सामान्य नियममा बाँधेर वा साधारण विचार प्रकट गरेर मात्र पुग्दैन । क्रान्तिकारीहरूमा जुम्लाको मानवीय धरातलको ज्ञान हुनुपर्छ, र त्यस्तै ज्ञान भौगोलिक धरातलको पनि हुनपर्छ । यति ज्ञानले मात्र पनि उसले पूरै प्रदेशको ज्ञान प्राप्त गर्न सक्दैन । क्रान्तिकारीका लागि 'एकै प्रकारको परिस्थिति भन्ने' सामान्य धारणाको केही अर्थ हुँदैन ।' *-१९७१ (स्रोत : 'तरुण' अंक ५, अगस्त १९७२, वाराणसी)*

## प्रदेश २ ...

जिल्लामा कूल ७७ हजार ४९४ किसानले ब्याज अनुदानका लागि निवेदन दिएको भए पनि ४७ हजार ८८२ जना किसानले मात्र अनुदान स्वरुप भुक्तानी पाएका छन

प्रदेशका ८ जिल्लामध्ये सबैभन्दा बढी संख्यामा बाराका किसानले अनुदानको लाभ लिएका छन् । कृषि ज्ञान केन्द्र बाराका कार्यालय प्रमुख जितेन्द्र यादवका अनुसार जिल्लामा कूल १७ हजार ९३२ जना किसानले ब्याज अनुदानका लागि निवेदन दिएको भए पनि ३ लाख रूपैयाँभन्दा कम कर्जा भएका व्यक्तिलाई मात्र छनोट गरेका कारण आवेदन प्रस्तावमध्ये ९ हजार ३४८ जना किसानले अनुदानको लाभ लिन पाएका छन् ।

'फरक-फरक किसानले फरक-फरक बैंक तथा सहकारी संस्थाबाट फरक-फरक मूलधनसहित रकम ऋण लिएका कारण प्रतिकिसानले फरक-फरक अनुदान रकम पाएका छन्,' यादवले भने, 'अधिकतम १२ प्रतिशत ब्याज दरको आधारमा ऋण लिएका किसानको अनुदान सरकारले भुक्तानी गरेको छ ।' आवेदन दिनेमध्ये ३० हजार रूपैयाँदेखि ३० लाख रूपैयाँसम्म ऋण लिएका व्यक्ति भए पनि ३ लाख रूपैयाँसम्म ऋण लिएका किसानको मात्र भुक्तानी गरिएको उनले बताए । कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शंकर साहका अनुसार धनुषामा एउटा किसानले न्यूनतम पाँच सय रूपैयाँ र अधिकतम १२ हजार २०३ रूपैयाँ ब्याज अनुदानवापत पाएका छन् ।

अनुदान तथा राहत कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ३० करोड र आर्थिक मामिला तथा योजना मन्त्रालयले ६ करोड गरेर कूल ३६ करोड रूपैयाँ बजेट छुट्याएको थियो ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**


## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा* **डुंगा चलाउनेको कहानी ...**

# कमला नदीमा डुंगा चलाएर नदी तार्दै आएकाहरुको कथा



*माझी दाईले जुनीभरि डुंगा तारी रहे*
*अरुलाई तार्दातार्दै आफू चाँहि वारी रहे ।*

*माझी दाईको जिन्दगानी मर्स्याङ्दीको पानी, सधैं घाटमा बग्यो सलल*
*कतै पारी जाने रहर उनको पनि थियो, त्यौ पानीले लग्यो सलल ।*

*पानीमाथि पसिनाको थोपा झारीरहे*
*अरुलाई तार्दातार्दै आफू चाँहि वारी रहे ।*

धेरै अघि गायक उदित नारायण झाले गाएको माझी दाईको जुनी संगोलेको गीतमा झै मर्स्याङ्दी नदीको वर्णन नभएपनि आज हामीले तराईको समथर भूभागमा अवस्थित कमला नदीमा डुंगा तार्नेहरुको कथा समेटेका छौं ।

राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमा पुल निर्माण सुरु भएको आठ वर्ष बितिसके पनि अलपत्र छ । कमला नदी पुलको निर्माण अहिलेसम्म अधूरै छ । कमला नदीमा पुल अलपत्र परेपछि सिरहा र धनुषाका करिब ६ सय सर्वसाधारण दैनिक जोखिम मोलेरै डुंगामार्फत नदी आउजाउ गर्छन् । उनीहरुका सारथी हुन्- **'सिरहा नगरपालिका-६ बसबिट्टाका स्थानीय सञ्जय यादव ।'**

कमला नदीमा वर्षायाम सुरु भएपछि असारदेखि कात्तिकसम्म पाँच महिना उनी डुंगा चलाउँछन् । त्यसो त उनले बसबिट्टा घाटमा डुंगा चलाएर मान्छे वारपार गरेको वर्षौं बितिसक्यो । तर, उनको जीवनले कहिल्यै खुसी पार गर्न सकेको छैन । सीर्फ गीतमा भनेझै अरुलाई तार्दातार्दै आफू चाँहि वारी नै रहे । उनको आर्थिक अवस्था पहिला जस्तो थियो अहिले पनि केहि परिवर्तन भएको छैन । जेनतेन गुजारा चलेको छ ।

*माछा मारी रहे माझी खाजा टारी रहे, यो पानीमा हाँसो बगेन*
*धेरै पानी बगिसक्यो के के लगिसक्यो यो पानीले आँसु लगेन*

सञ्जयले डुंगाबाट खोला तारे वापत मोटरसाइकलको ५० र साइकलको २० रुपैयाँ पाउँछन् । सर्वसाधारण धेरैजसोले नगद दिदैनन् । सिरहा तिरका अधिकांशको खेतीपाति पारी धनुषा तिर भएकाले खेती गर्न जानेहरूले २० किलो धानबाली अन्न दिन्छन् । 'काठको डुंगामा नदी तार्नु धेरै जोखिम छ', सञ्जयले भने, 'मिहिनेत पनि धेरै छ, शारीरिक श्रम गर्नुपर्ने भएकाले घामपानी नभनी पसिना धेरै बगाउनुपर्छ ।'

कमला नदीमा बाढी आउँद नदी पार गराउँदा ज्यानै जाला जस्तो हुने गरेको उनले तीतो अनुभव सुनाए । 'बाढीको भेलले डुंगालाई नै बगाउला जस्तो हुन्छ,' उनले भने, 'त्यतिखेर डुंगा सम्हाल्न सकिएन भने ज्यान बच्ला भन्न सकिन्न ।' ज्यान जोखिम मोलेर भएपनि गुजाराका लागि डुंगा चलाउनु परेको उनले सुनाए । उनी भन्छन् 'लालाबाल पाल्नै पर्यो ।'

एता, पुल नबन्दा डुंगालाई ५० रुपैयाँ तिरेर जोखिम मोलेरै बजार भर्न सिरहा सदरमुकाम आउनुपर्ने बाध्यता रहेको धनुषा कमला नगरपालिका-३ तेतरियाकी इन्द्रादेवी दासको गुनासो छ । कमला नदीमा बाढी आएका बेला बिहारको जयनगर भएर आउजाउ गर्नुपर्ने अवस्था छ । साँझ ५ बजेपछि नदीमा डुंगा नचल्ने हुँदा रातबिरात कोही गाउँमा आकस्मिक बिरामी भए अकालमा ज्यान गुमाउनुको विकल्प नरहेको दु:खेसो इन्द्रादेवीको छ ।

तर, **सञ्जयजस्तै बाँसबिट्टा घाटमा डुंगा चलाउँदै आएका सिरहा नगरपालिका-६ छेदी मुखिया** कमला नदीमा पुल नबनेकाले सर्वसाधारणको आउँजाउँका लागि डुंगा चलाएबापत सिरहा र धनुषाका १५ गाउँका स्थानीयसँग पाँच महिनाको न्यून ज्याला २० किलो धानबाली लिने गरेको बताउँछन् । पाँच महिनाभरि २० किलो ज्यालाले गुजारा चलाउन मुश्किल परेको मुखियाको दु :खेसो छ ।

*कहिले बाढी कहिले पहिरो डुंगा सारी रहे*
*अरुलाई तार्दातार्दै आफू चाँहि वारी रहे ।*

# स्थानीय तहमा सुशासन समस्या

## पालिका बहस

### खेमराज नेपाल

विज्ञहरूले असफल शक्ति विकेन्द्रीकरणको विश्लेषण गर्दा स्थानीय तहको 'ब्लक होल' भन्न थालेका छन् । शक्तिको गुरूत्वाकर्षण (ग्राभिटी) ले गर्दा शक्तिसँग जोडिएका राम्राभन्दा नराम्रा कुरा स्थानीय सरकारको तल्लो तहसम्म पुगेका हुन्छन् । यसबाट उत्पन्न दबाब, आक्रोश र अकर्मण्यताको बोझ स्थानीय सरकारले बोक्नुपर्छ/बेहोर्नु पर्छ । जनस्तरमा राम्रा कुरा पुर्‍याउने केन्द्रीय सरकारको ध्येय हुनुपर्छ ।

अध्येता जाँपाल र क्यारोलिनको अध्ययनले भन्छ– शक्ति विकेन्द्रीकरण गर्दा चार कुराको अपेक्षा गरिएको हुन्छ । ती हुन् (१) सुशासनको पद्धति बसाल्ने र प्रवर्द्धन गर्ने, (२) स्वस्थ प्रतिस्पर्धात्मक स्थानीय सरकार बनाउने, (३) आ`ना मान्छे वा आ`ना अनुयायी ( क्लाइन्टेलिज्म) लाई मात्र सेवासुविधा दिने प्रथा अन्त्य गर्ने र (४) कानुनी शासनका आधारमा राज्यलाई बलियो गराउने ।

यिनै विश्वव्यापी ध्येय र उद्देश्यसँग मिल्ने गरी नेपालमा स्थानीय तह सिर्जना गरिएका हुन् । नेपालको संविधानले स्थानीय तहलाई सरकारको स्वरूप दिएर स्वशासनका लागि स्वायत्तता प्रदान गरेको छ । जनतासँगका सरोकारका धेरै विषय स्थानीय सरकारको एकल अधिकारभित्र राखेको छ । प्रदेश र संघ सरकारसँग अन्तरसम्बन्ध कायम गरिएको छ । तदनुरूप तीनै तहका सरकारहरूले ऐन बनाएका छन् । दलीय प्रतिस्पर्धाबाट निर्वाचित भएर स्थानीयमा समेत दलीय सरकार बनेको छ । निर्वाचितहरु अधिकांश पढेलेखेका युवा छन् । महिलाहरूको प्रतिनिधित्व उत्साहवर्द्धक छ । संविधानले प्राथमिकतामा राखेका वर्ग, क्षेत्र, जातजातिको प्रतिनिधित्व पनि वाञ्छित रूपमा छ । स्थानीय सरकारको स्रोत परिचालनको क्षेत्र विस्तार गरिएको छ । संघीय सरकारले सूत्र र सिद्धान्तका आधारमा पर्याप्त अनुदान प्रदान गर्न थालेको छ । कतिपय स्थानीय सरकारहरुले जनचाहनाअनुरूप नयाँनयाँ 'स्किम' ल्याएर जनतालाई सेवा प्रदान पनि गर्दैछन् ।यी सबै सकारात्मक कुरा हुँदाहुँदै पनि अधिकांश नागरिक स्थानीय सेवासँग किन सन्तुष्ट छैनन् ? चुनावका बेला जनतासँग गरेका वाचा चुनाव जितेकाहरूले किन छेउछनकै गर्न सकेनन् ? संघ, प्रदेश र स्थानीय तहमा एउटै दलको बहुमत छ तापनि कानुनी शासनको आभास किन दिन सकिरहेका छैनन् ? किन आपसमा झैझगडा बढिरहेछ ? जनतालाई अनिर्णयको बन्दी किन बनाइरहिएको छ ? भ्रष्टाचार जताततै किन भइरहेको छ ? यिनै कुराका कारण पहिल्याउँदै संक्षिप्त विवेचना र विश्लेषण गर्नु यो लेखको उद्देश्य हो ।

**वर्तमान अवस्था**

ट्रान्सपरेन्सी इन्टरनेसनलले २०७६ मा प्रकाशन गरेको 'करप्सन पर्सेप्सन इन्डेक्स' अनुसार नेपालले एक सयमा ३४ अंक मात्र प्राप्त गरेको छ भने समग्र राष्ट्रहरूको दाँजोमा १२४औं स्थान मात्र प्राप्त गरेको छ । नेपालका दुई संवैधानिक निकायहरु महालेखा परीक्षकको प्रतिवेदन र अख्तियार दुरूपयोग अनुसन्धान आयोग (अदुअआ) को प्रतिवेदनमा संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक सम्पत्तिको दुरूपयोग र भ्रष्टाचार मौलाएका उदाहरण प्रस्तुत भएका छन् र प्रतिवर्ष बढोत्तरीमा छ ।

'जे लेखिन्छ, त्यो गरिन्न, जे गरिन्छ, त्यो लेखिन्न' भन्ने जनमानसमा परेको छाप मेटाउँ । तब मात्र सुशासनको जग सुरू होला । मुलुक विकासमा फट्को मार्दै गए सदाचार पद्धतिको विकास भएको मानिन्छ । दलदलमा फस्दै गए भ्रष्टाचार मौलाउँदै गएको हुन्छ । यसर्थ, विकासशील मुलुकले सदाचार पद्धतिलाई जोड दिन्छन् । उनीहरूका अभिलेखमा भ्रष्टाचारभन्दा सदाचार बढी उल्लेख गरेका हुन्छन् । सुशासनको जग भनेकै सदाचार पद्धति हो र यो पद्धति कार्यपालिकाको सर्वोच्च निकायहरूका पदाधिकारीहरूको सदाचारका नियम (कोड अफ कन्डक्ट) बाट सुरू हुन्छ । तर, अधिकारप्राप्त अधिकारीहरु नै सुशासनका वाधक देखिएको अवस्था छ ।

**राजनीतिक कारण**

(१) निर्वाचनका समयमा राजनीतिक संस्कार र आचरण भएका, त्यागी र अनुशासित व्यक्तिहरूलाई राजनीतिक दलले उम्मेदवार बनाएनन् । धेरै उम्मेदवारहरु ठग, अक्षम, ठेकेदार, डन, तस्कर, मिचाहा, घुस्याहा, चरित्रहीन आरोप लागेका र 'हाम्रा' कोटीमा पर्नेले दलको टिकट पाए र अगाध रकम खर्चेर जिते । चुनाव सामान्य मानिसले उठ्नै नसक्ने गरी महँगो भयो । जो 'राम्रा' चुनिए, ती प्रायः प्रमुख वा निर्णायक पदमा छैनन् । चुनिएकाहरु आफैंभित्र सुविधा र निजी स्वार्थपूर्तिका लागि झगडा गर्न थाले । समयसीमाभित्र वार्षिक बजेट/कार्यक्रम नै पास नगराउने स्थानीय सरकारको संख्या तीन दर्जनभन्दा बढी देखियो । सम्बन्धित दलले ती प्रमुखहरूलाई स्पष्टीकरण सोध्ने र कारबाही गर्नुपर्ने थियो, तर प्रश्नसम्म गरेन । जसले वार्षिक बजेट/कार्यक्रम स्वीकृत गराए, तिनीहरूले विनियोजित बजेटभन्दा बाहिर गएर खर्च गरेको, आर्थिक नियम पालना नगरेको, निष्पक्षताभन्दा अनुयायी/कार्यकर्ताको पक्ष लिएको, आफैं ठेकदार भएर काम गरेको पाइयो । सुशासनको जग बसाल्नुभन्दा जनता हँसाउने काम भयो । (२) लोकतान्त्रिक मुलुकमा दलको उम्मेदवार भएर चुनाव जितेपछि ऊ जुन पदमा निर्वाचित भयो, त्यही पदको मात्र हुन्छ । पदको मात्र भएपछि उसले निष्पक्ष ढंगले काम गर्छ । तर यहाँ निर्वाचित भएपछि पनि दलको पद ओगटिरहने हुनाले पदभन्दा दल ठूलो भयो र काम गर्दा दल हाबी बन्यो । निर्वाचित पदबाट गरेका कार्य जति नै गलत भए पनि दलले कारबाही गर्ने भएन । जताततै बेथिति मौलाएपछि कर्मचारी संयन्त्र र कामसँग सम्बद्ध अन्य संस्था वा व्यवसायी पनि भ्रष्ट उन्मुख हुन थाले ।

(३) राजनीतिक दलका नेता, उच्च प्रशासकहरु नै 'ट्याक्स हेभेन' बाट रकम भित्र्याउने व्यापारी/उद्योगी, यातायात सिन्डिकेट, पर्ती/सार्वजनिक जग्गा हडप्ने भूमाफिया, योजना अधुरा राख्ने ठूलाठूला ठेकदारसँग आबद्ध भएर त्यस्ताको स्वार्थपूर्तिमा लागेको देखियो । डन, तस्करहरूले कुन–कुन दललाई पोषण गरेका छन्, मिडियामा छर्लंग पार्दासमेत दलले प्रतिवाद गरेन । सरकारी कर्मचारी, शिक्षक, प्राध्यापक, डाक्टर, इन्जिनियर सबै पेसामा राजनीतिक दलको आडमा ट्रेड युनियनहरु बने । आ`नो पेसागत प्रवर्द्धनभन्दा राजनीतिक सौदाबाजीमा लागेकाले पेसा र व्यवसायको गुणस्तर खस्कियो । यस्तो अराजकतामा भ्रष्टाचार मात्र मौलायो । यिनै प्रवृत्तिहरु सर्दै अहिले स्थानीय सरकारमा सरूवा रोगझैं यत्रतत्र फैलिएको अवस्था छ ।

**जिम्मेवारी बाँडफाँट**

(१) संविधानमा संघ, प्रदेश र स्थानीय तहको एकल र संयुक्त जिम्मेवारीको बाँडफाँट अनुसूचीमा



सूचीकृत गरिएको छ । संघ र प्रदेशका सांसदहरूले तोकेको आयोजनामा खर्च गर्ने गरी सांसद कोषको भागबन्डा भएपछि त त्यस्ता कोषबाट स्थानीय तहका एकल जिम्मेवारीमा परेका आयोजनाहरु सञ्चालन भइरहेका छन् । एउटा पाँच किमि पक्की सडक बनाउँदा केही लाख प्रदेश र संघको सांसद कोषबाट खर्चेको र केही करोड स्थानीय तहले खर्च गरेका उदाहरण प्रशस्त छन् । बढी लगानी स्थानीयबाट थोरै लगानी केन्द्रबाट हुँदा न केन्द्रीय योजना भयो, न त स्थानीय । यस्तो दोहोरो–तेहेरो लगानीले अनियमितता र भ्रष्टाचार बढाएको छ ।

(२) क्षेत्रगत (सेक्टोरल) कार्यमा नीति र ऐन नियमले स्पष्ट नगरिँदा जसले सक्यो, उसले हस्तक्षेप गर्ने परिपाटी बस्यो । संघीय सरकारले शिक्षा, स्वास्थ्य, वन, भौतिक आयोजना क्षेत्रका कार्यमा आ`नो नियन्त्रण बढाउँदै लगेको छ भने उता स्थानीय सरकार आ`नो जिम्मेवारीमा नपरेका कार्यहरूजस्तै क्याम्पसलाई, नेताका नाममा खोलेका संस्थाहरूलाई अनुदान दिँदै जिम्मेवारीबाट चुकेको छ । जति अस्पष्टता, उति भद्रगोल । जति भद्रगोल, उति भ्रष्टाचार । सुशासनलाई कमजोर बनाउन यिनै कारण हुन् ।

**व्यवस्थापकीय क्षमता**

(१) केन्द्रको अधिकार र जिम्मेवारी कटौती भएपछि धेर हुन गएका कर्मचारीहरूलाई स्थानीय तहमा दबाबमूलक नीति, ऐन, नियम बनाएर सरूवा गरेकाले वृत्ति विकासको स्पष्ट खाका नभएकै कारणले ती कर्मचारी स्थानीय तहमा गएनन् । जति गए उनीहरूको सरूवा केन्द्रले नै गर्ने व्यवस्था गरेकाले कर्मचारीहरु 'सोर्स र फोर्स' खोजीखोजी छिटोछिटो सरूवा हुन थाले । उता स्थानीय सरकारले प्रायः 'आ`ना' लाई करार र म्यादी भर्ना गरेका कर्मचारीहरु पनि काम सपार्नेभन्दा बिगार्ने धेरै भए । यस्तो अस्तव्यस्तताले गर्दा सुशासन हुन सक्ने भएन । अनियमितता, अनुचित कार्य र भ्रष्टाचार झन् बढ्यो ।

(२) निर्वाचित प्रतिनिधिहरु निर्णयकर्ता हुन् । तर पद्धतिकेन्द्रित हुनुभन्दा व्यक्तिकेन्द्रित भएर निर्णय गर्न थालेकाले वैधानिक बाटोभन्दा चोर बाटोबाट काम भएको पाइन्छ । अहिले सार्वजनिक सम्पत्ति (चल अचल) आ`नो पार्न र प्राकृतिक स्रोतको दोहन गर्न, कमिसनको चक्करमा सामग्री खरिदबिक्री गर्न सबैलाई हतारो छ ।

**सामाजिक र जीवनयापन पद्धति**

वर्तमान नेपाली समाजमा धन थुपार्ने होडबाजी छ । कुन स्रोतबाट कमाइरहेको छ, सोध्ने खोज्ने चलन छैन । बंगला, गाडी, वैदेशिक सयर, बैंक मौज्दात, पार्टीभोज, किमती गरगहना, होटल रेस्टुराँको खाना, विदेशी मदिरा र अश्लीलता सम्पन्नताको परिचय हुन थाल्यो । त्यस्ता व्यक्तिहरु समाजमा उदाहरणीय हुन थाले । राजनीतिमा यस्ता कुराहरु अझ बढी भएको वर्तमान राजनीतिक दलका नेताहरूको सम्पत्ति जाँच होस् भनेर कार्यकर्ताहरूले नै सार्वजनिक रूपमा माग गर्न थालेकोबाट प्रस्ट छ । सम्पत्ति कुलीनताको आधार बन्यो । तर त्यस्तो नेता पदाधिकारीहरूले कसरी सम्पत्ति बटुले भन्ने कुरा जगजाहेर छ तापनि कारबाही छैन । बोलिभियाका पूर्वराष्ट्रपति गोन्जालो लोजाडाले भन्छन् 'संसारमा दुई कुरा लुकाउन सकिँदैन । त्यो हो–सम्पत्ति र प्रेम । अझ स्थानीय स्तरमा त लुकाउनै सक्तैन ।' जुन कुरा नेपालको राजनीतिमा उदांगो र छरपष्ट छ ।

**कानुन कार्यान्वयनको पक्ष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ त्यस बेला स्थानीय तह सञ्चालनको सुरूआत गर्न मात्र बनेको थियो । अब स्थानीय तह आफैंले र प्रदेशले समेत स्थानीय तह सञ्चालन गर्न ऐनहरु बनाइसकेका छन् । अब विस्तारै संघ, प्रदेश हुँदै अन्तर्राष्ट्रिय कारोबार स्थानीय तहमा पुग्दैछ । यस सम्बन्धको ज्ञान र लजिस्टिकको तयारी भइरहेको छैन । स्थानीय तहको आवधिक योजना र वार्षिक योजना परम्परागत शैलीमा बनेकाले सामाजिक पुँजी वृद्धि र कमिसनमुखी कारोबारलाई सम्बोधन गरेको छैन ।

अदुअआलाई 'साना माछा ढडियामा, ठूला माछा खोलामा' पार्ने भनेर दोषारोपण गरेको पनि पाइन्छ । तर स्थान, केश र मर्का पर्ने व्यक्ति समुदायको दृष्टिबाट पनि भ्रष्टाचारलाई हेरिनुपर्छ । राज्यले सर्वसाधारण जनतालाई दिने सुविधाजस्तै खाद्यान्न, औषधि, खाद, पाठ्यपुस्तक, भत्ता, खानेपानी जस्ता कुरा आ`ना ठाउँ वा जिल्लामा आएर पनि पाएनन् भने वा अतिरिक्त पैसा दिनुपर्‍यो भने उसका लागि त्यो भ्रष्टाचार वाइडबडी जहाज खरिदमा भएको भ्रष्टाचारभन्दा ठूलो हुन्छ । त्यसकारण अदुअआले हाल देशव्यापी रूपमा ससाना तह र व्यक्तिले गरेको भ्रष्टाचार माथिको कारबाही सुरू गरेको प्रसंशनीय छ । तर संख्यामा धेरै देखिए पनि 'भोलुम'मा यो नगन्य छ ।

अन्त्यमा, भ्रष्टाचारको जालो अब स्थानीय, प्रदेश, केन्द्र हुँदै विदेशमा समेत फैलिएको हुन्छ । नेपालमा भ्रष्टाचारको 'इपिसेन्टर' काठमाण्डु हो । विश्लेषक पुरञ्जन आचार्यको शब्दमा 'यहाँ भ्रष्टाचार बन्द भए गाडी गुड्दैनन्, हवाईजहाज उड्दैनन् । महँगा स्कुल, रेस्टुराँ, निजी अस्पताल चल्दैनन् ।' भ्रष्टाचारले नै स्थानीयमा 'ब्लक होल' बनाइरहेको छ । अब नेताले अर्ती, उपदेश र भाषण नगरून्, जनताका कुरा सुनून्। आउने चुनावलाई लिएर क्षणिक सम्मोहित गर्ने कुरा नबोलून् । आउने पुस्ताको भविष्यलाई लिएर व्यावहारिक रूपमा खरो उत्रिऊन् । शासन व्यवस्था र मुलुकको छवि सुधार्न नेता र सरकारबाटै सुरू हुनुपर्छ। बदनामी र जालझेलमा रूमलिएको 'सिंहदरबार' स्थानीय तहमा नपुर्‍याऊँ, झुपडीमै सरल किसिमले काम गर्न दिऊँ । गाउँ मासेर सहर नबनाऊँ, प्राकृतिक सम्पदा मासेर भौतिक विकासको गौरव नगरौं । 'जे लेखिन्छ, त्यो गरिन्न, जे गरिन्छ, त्यो लेखिन्न' भन्ने ऐले जनमानसमा परेको छाप मेटाऊँ। तब मात्र सुशासनको जग सुरू हुनेछ ।

*अन्नपूर्ण पोस्टबाट*


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।


सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)